## निर्णयहरु

### निर्णय नं. १

मिति २०८०/१२/०२ गते बसेको १४८ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो ।

### निर्णय नं. २

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो । यस नगरपालिकाले गत २०८० मंसिर देखी फागुनसम्म सम्पादन गरेका सेवा प्रवाहका बिषय, आय र व्यय, योजना कार्यान्वयनको अवस्था लगायतको चौमासिक प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा पेश भइ छलफल गरियो । यसमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो

### निर्णय नं. ३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ५ को पं.स ५-उर्जा २०८०/०८१ मिति २०८०/१२/५ च.नं. ५०५६४ को पत्र, महाशाखा नं. ४ को पं.स ४-स्था/२०८०/०८१ मिति २०८०/१२/२ च.नं. ४९७८३ को पत्र, पं.स २०८०/०८१ मिति २०८०/११/२९ च.नं. ४८६९६, पं.स २०८०/०८१ मिति २०८०/११/२१ च.नं. DIV 2 - 47530 को पत्र बमोजिमको सुझाव बैठकमा प्रस्तुत भयो प्राप्त पत्रमा उल्लेख भएको सुझाव अनुसार प्रचलित कानुनहरुको परिपालना गर्ने गराउने गरी कार्यप्रणालीलाई कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं. ४

रत्ननगर नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन (बिशेष नगर सभा) मिति २०८०/१२/२९ गते रत्ननगर नगरपालिकाको सभाहलमा संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

### निर्णय नं. ५

रत्ननगर नगरपालिका वडा नं. १३ स्थित जयमंगला बजार देखि पञ्चकन्या मा.वि. सम्मको बाटोमा पेटी निर्माण तथा बाटो बिस्तार भईरहेकाले उक्त बाटोमा पर्ने करिब ८ (आठ) वटा विद्युत पोल स्थानान्तरण गर्नुपर्ने भएकाले उज्यालो रत्ननगर कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी प्राविधिक लागत इस्टीमेट बमोजिम रु. १,५४,०००/- (एक लाख चउन्न हजार मात्र) खर्च लेख्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमश

**निर्णय नं.६**

रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना विशालनगर काठमाडौंको मिति २०८०/१२/०५ च.न. १५० को पत्रमा यस नगरपालिकाको वडा नं. ४ र ९ मा पर्ने रेल मार्गको रेखाङ्कन बमोजिम केही निजी जमिन तथा संरचनाहरु पर्ने देखिएकाले सम्बन्धित वडाहरुबाट छलफल गरी राय सुझाव नगर कार्यपालिका पेश गर्न पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

रत्ननगर नगरपालिकाको करारमा नगर प्रहरी व्यवस्थापन गर्ने कार्यविधि २०७५ को खारेज गरी रत्ननगर नगरपालिकाको नगर प्रहरी संचालन कार्यविधि २०८० र रत्ननगर नगरपालिकाको सार्वजनिक निजि साझेदारी विधेयक, २०८० को बिषयमा छलफल गरियो र उक्त ऐन कार्यविधि स्वीकृतीका लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

नेपालकै उच्चकोटीको पर्यटकीय स्थलको रुपमा रहेको यस नगरपालिकाको सौराहा क्षेत्रलाई मुख्य केन्द्रविन्दु बनाएर पर्यटन सूचना केन्द्र स्थापना गरी डिजिटल सूचना प्रणालीको विकास गर्ने पर्यटक प्रहरी र पर्यटन सूचना अधिकृत समेतको व्यवस्था गरी नगर भित्र आउने सबैखाले पर्यटकहरुको तथ्य तथ्याङ्क अपडेट गरी व्यवस्थित पर्यटनको सूरुवात गरी पर्यटन क्षेत्रमा भाईब्रेन्ट सिर्जना गर्ने निर्णय गरियो ।साथै यस कार्यलाई प्रभाबकारी बनाउन नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, नेपाल पर्यटन वोर्ड, पर्यटन विभाग, प्रदेश सरकार संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय सौराहा स्थित पर्यटन व्यवसायीहरुसँग आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था रनपा १५ ले साविक जुटपानी ३ /ख कि.नं.८४१ र ८४४ को ज.वि. १४२९.९८ वर्ग मिटर क्षेत्रफल भएको उक्त जग्गाको पश्चिममा करिब ०-१-१६ धुर क्षेत्रफलको सार्वजनिक जमिनमा पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था रनपा १५ लाई संरक्षणको जिम्मा दिनुहुन भनि सस्थाको बैठकको निर्णय सहित निवेदन पेश भएकाले नियमानुसार उक्त सार्वजनिक जग्गा संरक्षणका लागि अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.१०**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं २ मा घर भई चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं २ स्थित नेपाल नमूना माध्यमिक विध्यालयका साविकका मा.वि द्धितिय श्रेणी अंग्रेजी विषयका शिक्षक एवं

प्रध्यानाध्यापक वर्ष ४७ का बुद्धिराज सुवेदीले चितवन जिल्ला स्थित रत्ननगर नगरपालिका को कार्यालय ,रत्ननगर चितवन समेतलाई प्रत्यार्थी बनाई श्री उच्च अदालत पाटन, हेटौडा ईजलासमा दायर गरेको मुद्धा

क्रमश

नं (०८०FJ—WO—०००६) को अदालतको अपहेलना मुद्धामा, रत्ननगर नगरपालिका नगर शिक्षा समितिको कार्यालय ,रत्ननगर एवं ऐ समितिका अध्यक्ष रत्ननगर नगरपालिकाको नगर प्रमुख प्रलाद सापकोटा...१, चितवन जिल्ला रत्ननगर नगरपालिका अन्तर्गत दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सिफारिस समिति एवं सो समितिका पदाधिकारी र सोही व्यक्तिले रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर चितवन समेतलाई प्रत्यार्थी बनाई श्री उच्च अदालत हेटौडामा दायर गरेको (०८०-w०-००७९) नं. को उत्प्रेषण परमादेशको मुद्धामा रत्ननगर नगरपालिकाका नगर प्रमुख श्री प्रलाद सापकोटा ऐ. रत्नगर नगरपालिका कार्यालयको युवा तथा खेलकुद शाखा ऐ रत्ननगर नगरपालिका वडा नं. २ को कार्यालय रत्ननगर चितवन र रत्ननगर नगरपालिका वडा नं. २ स्थित नेपाल नमुना मा.वि. को विद्यालय व्यवस्थापन समिति का पदाधिकारीहरु तर्फबाट श्री उच्च अदालत पाटन हेटौडा ईजलासमा लिखित जवाफ पेश गरी मुद्धाको तारेख मा रही मुद्धाको पुर्पक्ष गर्न चितवन जिल्ला भरतपूर महानगरपालिका वडा नं १० बस्ने यसै नगरपालिकाका अधिकृत (छैठौ तह) वर्ष ४८ का देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.११**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तरगत संचालन गरिएको सिलाई कटाई तालिमको एड्भान्स कोर्षको तालिम पुरा गर्नका लागि अपुग बजेट रु.१५००००/- (एक लाख पचास हजार मात्र) नगरस्तरीय नगर प्रमुख उद्यमशिलता विकास कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरी बजेट थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२**

रत्ननगर नगरपालिका १३ नं. वडा कार्यालयको जग्गा नापजाँच गरी संरक्षण गर्ने कार्य भएको र उक्त जग्गामा स्थायी रुपमा संरक्षण गरी चारै तर्फ कम्पाउण्ड वाल लगाउन आवश्यक देखिएकाले प्रविधि लागत इस्टीमेट बमोजिम रु.५७५०००/- (पाँच लाख पचहत्तर मात्र) बजेट नगर स्तरीय सार्वजनिक जग्गा संरक्षण शिर्षकबाट व्ययभार पर्ने गरी विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्तीहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमश

तपसिल

| क्र. स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | रोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १. | अर्जुन सुनार | रनपा १२ | ब्लड क्यान्सर | जिवन रक्षाको लागि आर्थिक सहयोग | वडा नं १२ को कार्यालय | १००००/- |
| २. | ध्रव बतौंला | रनपा २ | दुर्घटना | आर्थिक सहयोग | वडा नं २ को कार्यालय | ३५०००/- |
| ३. | राजु राई | रनपा ९ | क्षयरोग | घरायसी आर्थिक अवस्था कमजोर आर्थिक सहयोग | वडा नं. ९ को कार्यालय | १००००/- |
| ४. | सानु वाबु श्रेष्ठ | रनपा १४ | दिर्घ रोग | घरायसी आर्थिक अवस्था कमजोर आर्थिक सहयोग | वडा नं. १४ को कार्यालय | १००००/- |
| ५. | विकास राना | रनपा १६ | लिभर फेल | घरायसी आर्थिक अवस्था कमजोर आर्थिक सहयोग | वडा नं. १६ को कार्यालय | १००००/- |
| ६. | समशेर बहादुर परियार | रनपा १२ | मृगौला डायलासिस | घरायसी आर्थिक अवस्था कमजोर आर्थिक सहयोग | वडा नं. १२ को कार्यालय | १००००/- |

## निर्णय नं. १४

रत्ननगर नगरपालिका वडा नं. १५ माधवपुर मा.वि. अगाडी पुष्पाञ्जली टोल कुलो निर्माणको लागी १४ औं नगर सभाबाट रु.१०००००/- (एक लाख) विनियोजन गरिएकोमा सो रकमले उक्त कुलोको काम सम्पन्न हुन नसकेकाले थप बजेट उपलब्ध गराईदिनु हुन भनि १५ वडा कार्यालयको सिफारिस सहित बजेट माग भै आएकाले उक्तयोजना सम्पन्न गर्न नगर स्तरीय विविध समपुरक कोष शिर्षकबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार मात्र) थप सर्वसम्मत गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

रत्ननगर नगरपालिका वडा नं.१२ र वडा नं. १५ बाट माग भए बमोजिम दुबै वडाका विभीन्न स्थानहरुमा वडा नं. १२ मा ७ (सात) वटा र वडा नं. १५ मा ४ (चार) वटा सिमेन्टका कुर्चीहरु र सौराहा चोक र नगरपालिका भवन सौन्दर्यीकरणका लागि गमला खरिद गर्नुपर्ने भएकाले नगर स्तरीय वातावरणीय हरियाली प्रवर्द्धन कार्यक्रम पंचनदी लौरीघोल लगायत) शिर्षकबाट खर्च लेख्ने गरी रु. १०००००/- (एक लाख मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमश

## निर्णय नं. १६

रत्ननगर नगरपालिका वडा नं. ७ चित्रासारी पुल देखि सेन्ट्रल पार्क होटल मैना सम्मको सडक फुटपाथ सहित नाला निर्माणको थप कार्य गर्नका लागि नगरपालिकाबाट आब्हान गरिएका विभीन्न ठेक्काहरुबाट बचेको रकमबाट खर्च लेख्ने गरी रु.३५०००००/- (पौतिस लाख मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. १७

MTB BUG Events नारायणगढ चितवनले (Protect nature to Promte Tourism भन्ने नाराको साथ साईकल वातावरणको अभिन्न अंग हो र स्वास्थ्यका लागि साइकल भन्दै Chitwan Heritage Ride को पहिलो संस्करण मिति २०८० फाल्गुन २५ गते संचालन गरेको साईकल र्यालीका लागि सहयोग माग भै आएकाले नगर स्तरीय पर्यापर्यटन कार्यक्रम (फिल्म फेस्टिबल विविध) शर्षकबाट व्ययभार पर्ने गरी रु.३५०००/- (पैतिस हजार मात्र) सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. १८

रत्ननगर नगरपालिका वडा नं. १० श्रीकृष्ण टोल निवासी माधुरी दरैको आर्थिक अवस्था ज्यादै नाजुक भएको पतिको समेत मृत्यु भएकाले निजको घर निर्माणका लागि विपन्नसँग नगर प्रमुख कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु. ७००००/- (सत्तरी हजार मात्र) निजको घर निर्माणका लागि आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. १९

रत्ननगर नगरपालिका माग र स्थानीय आवश्यकता बमोजिम तपसिलको योजनाहरु संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | साविक योजनाको नाम | रकम | संसोधित योजनाको नाम | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | सिद्धेश्वरी महादेव जलदेवी मन्दिर पुर्न निर्माण रनपा ३ | ७०००००/- | सिद्धेश्वर महादेव मन्दिर कृयापुत्री भवन निर्माण रनप -३ | ७०००००/- | शिर्षक संसोधन |
| २ | सामाजिक रुपान्तरणको लागि अभियान- महिला शसक्तिकरण कार्यक्रम | ५०००००/- | ज्येष्ठ नागरिक सम्मान तथा सहयोग कार्यक्रम रनपा १३ | १०००००/- | रकमान्तर |
| | | | विविध खेलकुद कार्यक्रम संचालन सहयोग | ४०००००/- | रकमान्तर |
| ३. | घघौली स्कुल पट्टी गोपि सरको घर नजिक सडक निर्माण वडा नं. १२ | ५०००००/- | वडा नं. १५ अन्तरगत पुष्पाञ्जली टोद्यमा कुलो निर्माण वडा नं. १५ | ४००००/- | रकमानतर |

क्रमश

## निर्णय नं. २०

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (कान्तिकारी) कृषि तथा वन विज्ञान विद्यारथीहरुको लागि अन्तर कलेज फुटबल प्रतियोगिताको लागि रु.२०००० र शहिद स्मृति बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीको लागि अखिल नेपाल स्वतन्त्र विद्यार्थी पुन निर्माण लागि शैक्षिक भ्रमणको लागि रु.५००००/- (पचास हजार मात्र) विविध आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. २१

रत्ननगर नगरपालिका वडा नं. १३ कञ्चन बस्ती टोल अन्तरगत रहेको कृषि योग्य जमिनमा सिंचाई नभएको कारण खेती गर्नको लागि कठिन भएकाले सिंचाई प्रयोजकको वडा कार्यालयको सिफारिस सहित बजेट लागि बजेट माग भई आएकाले नगरस्तरी शाखागत कार्यक्रम कृषि पशुपंक्षी अन्तरगत कृषि पुपंक्षी मेसिनरी उपकरण — घाँस हार्भेष्ट टेलर ट्र्याक्टर कटर आदि सहयोग शिर्षकबाट व्ययभार पर्ने गरी रु. २५००००/- (दुई लाख पचास हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. २२

मिति २०८० चैत्र १९ गते बसेको रत्ननगर नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै समितिबाट पेश भए बमोजिम विपद्का घटनाहरुमा नगर स्तरीय विपद् व्यवस्थापन शिर्षकबाट व्ययभर हुने गरी  देहाय बमोजिम राहात रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | विपद् (घटनाको विवरण | राहात सिफारिस गर्ने वडा नं. | राहात रकम | कै |
|---|---|---|---|---|
| १. | वडा नं ०९ निवासी श्री सुदिप श्रेष्ठको घरमा २०८०/०९/०२ गते आगलागी भई घरको छाना, दराज, कपडा लगायतका सामाग्री जलेर नष्ट भएको | ०९ | रु २०,०००।- | |
| २. | वडा नं १४ निवासी श्री उमेश शाहको घरको घोरमा राखेको बाख्रा कुकुरको टोकाईबाट मृत्यु भएको भनी क्षतिपूर्ति | १४ | रु.५०००/- | |
| ३ | वडा नं १० का निवासी श्री माया उप्रेती नाममा वडा नं १ संचालित द वडी केयर फेन्सी तथा कस्मेटिक पसलमामा मिति २०८०/११/२७ गते आगलागी भई पसलका सम्पूर्ण सामाग्री जलेर नष्ट भएको | १० | रु.२००००/- | |
| ४. | वडा नं १६ निवासी श्रीकुमारी फ्याली मगरको मृत्यु भएको र निजको घरायसी आर्थिक अवस्था कमजोर भएको हुँदा काजकिरिया खर्चको लागि आर्थिक सहयोग | १६ | रु.१५०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | वडा नं. १३ बस्ने अनिता श्रेष्ठले नाउँमा दर्ता रहेको कर्मा फेशन कलेक्सनमा मिति २०८०/११/२७ गते आगलागी भई सामान जलेर नस्ट भएको धनमालका लागि राहात रकम | ०१ | २५०००/- | |

क्रमश

## निर्णय नं. २३

रत्ननगर नगरपालिका वडा नं. १४ निवासी श्री कृष्ण नारायण श्रेष्ठको आर्थिक अवस्था ज्यादै कमजोर भई घरमा छानो समेत नभएकाले निजको घर छाउनका लागि १४ नं. वडा कार्यालयको सिफारिस सहित जस्तापाता माग भई आएकाले अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी प्राविधिक लागत इस्टीमेट बमोजिम जस्तापाता खरिद गरी छाना छाउने कार्यका लागि **रु.७२०००/-** (बहत्तर हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. २४

रत्ननगर नगरपालिका वडा नं. ५ मा रहेको नगर स्वास्थ्य केन्द्र टरौलीको अधुरो भवन निर्माण गर्नका लागी प्राविधिक लागत अनुमान बमोजिमको रकम रु.६००००००/- (साठ्ठी लाख मात्र) आवश्यक पर्ने हुदाँ बजेट माग गरी योजना सम्पन्न गर्नका लागि श्री स्वास्थ्य तथा जनसख्या मन्त्रालय रामशाहपथ काठमाडौंलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. २५

रत्ननगर नगरपालिका वडा नं. १४ निवासी अनिता गुरुङको घर द्धारिक दास मा.वि. जाने बुद्धि गुरुङको घर देखि पूर्व पट्टी सडक कालोपत्रे निर्माण गर्ने क्रममा भत्किएको र नयाँ घर निर्माण गर्नका लागि निजको आर्थिक अवस्था कमजोर रहेको भनि १४ नं. वडा कार्यालयको सिफारिस सहित आर्थिक सहायता माग भै आएकाले नगर स्तरीय विपद् व्यवस्थापन तथा आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी प्राविधिक लागत इस्टीमेट बमोजिम रु. ५००००/- (पचास हजार मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. २६

नेपाल सरकारले जारी गरेको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धि एकिकृत कार्यविधि २०७५ बमोजिम रत्ननगर नगरपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत नेपाल बैक लिमिटेडसँग सम्झौता भई संचालन भईरहेको नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रममा प्रवाह भएका सहुलियतपूर्ण कर्जाहरुलाई दिईएको अनुदानको ब्याज विगत १५ महिना देखि नेपाल राष्ट्र बैंकबाट शोध भर्ना प्राप्त नभएकोमा नेपाल बैक प्रधान कार्यालयको परिपत्रबाट यस उप्रान्त कर्जा पार्टीलाई सम्पूर्ण किस्ता (साँवा तथा व्याज) वापतको रकम जम्मा गर्न लगाई नेपाल राष्ट्र बैकबाट अनुदान बापतको रकम प्राप्त भए पश्चात् सोधभर्ना हुने गरी व्यवस्था मिलाउन भनी लेखी आएको हुँदा नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम मार्फत प्रवाह भएको सेवाग्राहीहरुको कर्जाको

सम्पूर्ण ब्याज नेपाल बैक लिमिटेडबाट प्राप्त भएपछि सोधभर्ना हुनेगरी हाललाई रत्ननगर नगरपालिकाको नगर प्रमुख उद्यमशील कार्यक्रमबाट नै रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

**क्रमश**